NJ: NUTA

# सामाजिक यथार्थवादी आलोकमा 'साल्गीको बलात्कृत आँसु' कथाको अध्ययन

**चतुर्भुजलाल दास केवरत**
नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
**इमेल :** cldkewrat@gmail.com
**DOI:** https://doi.org/10.3126/nutaj.v11i1-2.77029

## लेखसार

प्रस्तुत लेखमा 'साल्गीको बलात्कृत आँसु' कथाको सामाजिक यथार्थवादी दृष्टिकोणबाट प्राज्ञिक अनुसन्धान गरिएको छ । यस कथामा पहाडी ग्रामीण भेगमा जन्मिएकी निम्नवर्गीय र अपठित जनजातीय पात्र साल्गीको कष्टकर जीवनको यथार्थ प्रस्तुत गरिएको छ । विश्लेष्य कथामा आर्थिक पछौटेपनले सिर्जना गरेको बेरोजगारी र धनी वर्गको वेश्यालयमा पुऱ्याइएकी साल्गी त्यहाँ आउने पुरुष ग्राहकहरूबाट बलात्कृत हुन पुगेकी उसको सामाजिक जीवनभोगाइको यथार्थ तस्बिरलाई प्रस्ट देखाइएको छ । पूर्वाध्ययनबाट प्रस्तुत शीर्षकको अध्ययन नभएको अन्तराल पत्ता लगाई वैज्ञानिक दृष्टिकोणबाट अध्ययन गरिएको हो । कथ्यवस्तुमा मुख्य पात्र साल्गीको सामाजिक जीवनावस्था एवम् भोगाइहरूको सामाजिक यथार्थवादी कोणबाट विश्लेषण नै प्रस्तुत लेखको प्राज्ञिक समस्या हो । उक्त समस्याको समाधानको लागि पाश्चात्य दर्शनका क्षेत्रमा प्रचलित सामाजिक यथार्थवादलाई आधार बनाई विश्लेषण गरी ठोस निष्कर्ष निकाल्नु नै यस लेखको मुख्य उद्देश्य रहेको छ । प्रस्तुत अनुसन्धान साहित्यसँग अन्तरसम्बन्धित रहेकोले यो गुणात्मक शोध हो । यसको अध्ययनको लागि पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरिएको छ । यस अनुसन्धानमा प्रगतिवादी कथाकार पारिजात (वि.सं. १९९०–२०५०) द्वारा लिखित 'साल्गीको बलात्कृत आँसु' कथालाई प्राथमिक सामग्रीको रूपमा उपयोग गरिएको छ । त्यसैगरी 'साल्गीको बलात्कृत आँसु' कथासँग सम्बन्धित पूर्व प्रकाशित तथा अप्रकाशित समीक्षा, समालोचना, अनुसन्धान, गोष्ठीपत्र एवम् सामाजिक यथार्थवादबारे प्रकाशित सैद्धान्तिक सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा प्रयोग गरिएको छ । यस अनुसन्धानमा साल्गीमाथि भएको सामाजिक अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनजस्ता खराब एवम् अमानवीय व्यवहारहरूको तटस्थ अध्ययन गरी निष्कर्ष निकालिएको छ । यस कथामा अभिजात वर्गले निम्न वर्गको पात्रमाथि अन्याय, अत्याचार, दमन र उत्पीडन गरेको पुष्टि भएको छ । आर्थिक असमानताले समाजमा वर्ग विभेदको अवस्था सिर्जना गरेको छ । प्रस्तुत कथामा निम्न वर्गीय पात्र साल्गी शोषित, पीडित र बलात्कृत हुनुमा आर्थिक असमानता नै प्रमुख कारक तत्त्व रहेको उजागर भएको छ ।

*शब्दकुञ्जी :* पराधीन, पेवापात, आर्थिक पछौटेपन, पण्यीकरण, दलाल

## विषय परिचय

'साल्गीको बलात्कृत आँसु' प्रगतिवादी आख्यानकार पारिजातद्वारा लिखित सामाजिक यथार्थवादी कथा हो । यस कथामा ग्रामीण पहाडी जीवनमा आर्थिक पछौटेपनको सिकार भएकी साल्गी गाउँकै दलाल ल्वाङ्गे घर्तीको

फन्दामा परी भारतीय बजारको वेश्यालयमा बेचिन पुगेर त्यहाँ नारकीय जीवन बाँच्न बाध्य भएकी सन्दर्भको प्रस्तुति छ । यस कथामा सिन्धुपाल्चोक जिल्लाको कानपुर गाउँमा बस्ने तामाङ समुदायको एकजना चेली साल्गी गाउँकै दलालको ललाइफकाइमा परी आफू बिक्री भएको थाहै नपाई भारतीय सहरको वेश्यालयमा पुगेपछि उसको वास्तविकता उजागर हुन्छ । काठमाडौको गलैँचा कारखानामा राम्रो जागिर लगाइदिने प्रलोभन देखाई साल्गीलाई भारतीय वेश्यालयकी सरदार्नीकोमा बिक्री गरेको कुरा साल्गी धेरै पछि मात्र थाहा पाउँछे । त्यहाँ ऊ आफ्नो रमणीय गाउँघर र आफ्नी आमालाई सम्झन्छे । वेश्यालयमा दैनिक भारतीय भुस्तिघ्रेका यौनप्यास मेट्न आफ्नो इच्छा विपरीत ओछ्यान हुनुपरेकीले यहाँ साल्गीको यौनशोषणका साथसाथै उसमाथि गरिएको लैङ्गिक उत्पीडनको मार्मिक प्रस्तुति छ । ऊ घरी आफ्नी गाउँघर सम्झन्छे त घरी लस्करी बाख्री चराउन जाने आफ्नी आमालाई सम्झन्छे घरी 'ॐ माने पम्हे हुँ' सम्झन्छे र बर्बर्ती आँसु झार्छे । यसरी गाउँटोलका अबोध किशोरी तथा युवतीलाई ललाइफकाई नारकीय यौनकर्ममा धकेल्ने ल्वाँगे घर्तीप्रति साल्गीको प्रतिशोधी आक्रोश देखिनुका साथै ल्वाँगेलाई सजाय हुनुपर्ने अभिप्राय यस कथामा अभिव्यञ्जित छ । प्रस्तुत कथामा पहाडी ग्रामीण परिवेशमा हुर्केकी अबोध किशोरीको कारुणिक पक्षको तथ्यपरक प्रस्तुति छ ।

## अध्ययनविधि

'साल्गीको बलात्कृत आँसु' साहित्यको कथा विधा भएकोले प्रस्तुत अनुसन्धान गुणात्मक रहेको छ । प्रस्तुत अनुसन्धानमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनमा प्रगतिवादी आख्यानकार पारिजातद्वारा लिखित 'साल्गीको बलात्कृत आँसु' कथालाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । यथार्थवाद र 'साल्गीको बलात्कृत आँसु' कथाबारे पूर्व प्रकाशित समीक्षा, समालोचनालाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । प्रस्तुत अनुसन्धानमा विषयवस्तुको अर्थापनका लागि पाठ-विश्लेषण विधिको उपयोग गर्दै व्याख्या र विश्लेषण उपयोग गरिएको छ । साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिकलगायत अन्य दृष्टिकोणबाट अध्ययन भएको पाइए पनि सामाजिक यथार्थवादको आलोकमा विश्लेषण नभएकाले प्रस्तुत अध्ययन सोही शीर्षकमा केन्द्रित र सीमित रहेको छ । यही नै प्रस्तुत प्राज्ञिक अध्ययनको सीमा पनि हो ।

## सैद्धान्तिक पर्याधार

यथार्थवाद उन्नाइसौँ सदीमा जगत्को यथार्थ लेखन गर्दै फ्रान्समा देखापरेको दर्शन हो । यो वाद आदर्शवादका विपरीत दिशामा अगाडि बढेको देखिन्छ । यस वादले इन्द्रियातीय मनोगत र आदर्शवादी विषयवस्तु एवम् प्रसङ्गलाई अस्वीकार गर्दछ । यथार्थवादी दर्शनले सामाजिक प्राणी मानवका विविध घटना, परिस्थिति, तिनका वास्तविक भोगाइलाई समेटेर वस्तुपरक तवरले प्रस्तुत गर्ने प्रयास गर्छ । यस वादमा मानवका कपोलकल्पित र स्वच्छन्दतावादी भावधाराका सन्दर्भलाई निषेध गरिन्छ । जीवनका वास्तविक घटना र व्यवहारहरूलाई विभिन्न विम्बका माध्यमबाट व्यक्त गर्नु यथार्थवाद हो (Zarnigor, 2019, PDF) । फ्रान्समा आरम्भ भएको यथार्थवादले प्रत्यक्ष वस्तुजगत्सँग सहसम्बन्धित विषयवस्तुलाई जोड दिन्छ । यस वादमा मान्छेका जीवनजगत्का सामाजिक वास्तविकताको प्रस्तुतीकरण गरिँदै आदर्शीकरणलाई निषेध गरिन्छ । सामाजिक यथार्थवाद आदर्शवादी विचारलाई अतिक्रमण गरेर वस्तुजगत्को यथार्थ पक्षको उद्घाटनमा जोड दिन्छ (Realism > Realism.VL. pdf) । यथार्थवादले पारलौकिक र इन्द्रिय अग्राह्य विषयवस्तुको प्रस्तुतीकरणलाई अस्वीकार गर्छ । यसले हाम्रा इन्द्रियहरूले सहजै ग्रहण गर्न र अनुभूत गर्न सक्ने संज्ञानलाई इङ्गित गर्दछ । यो वाद "आदर्शवादी मनोगत प्रस्तुतिका विपरीत देखिन्छ । यस वादले रोमाञ्चक रचनाको अतिरञ्जना, आदर्शवादको मनोगत चेतना, नीतिवादी औपदेशिकता र रोमान्टिक आत्मपरकताका विपरीत वस्तुगत यथार्थप्रति निष्ठा नै यथार्थवादको टडकारो स्वरूप हो । परन्तु

साहित्यप्रचलित यथार्थवादले समाजगत वस्तुपरकतामा विशेष जोड दिएको छ" (त्रिपाठी, २०५८, पृ. ४२–४३)। सामाजिक यथार्थवादले समाजमा देखिने र ग्राह्य विषयवस्तुको सन्दर्भलाई उजागर गर्दछ। यथार्थवादले सामाजिक संरचनाका आर्थिक, सांस्कृतिक र राजनीतिक लगायतका यावत् गतिविधिहरूलाई दुरुस्तै उतार्नुपर्छ भन्ने मान्यतामा विश्वास गर्दछ। यस वादले आदर्शको लेपलाई अस्वीकार गर्नुका साथसाथै मनोगत सन्दर्भ एवम् स्वच्छन्दतावादी अभिव्यक्तिलाई राम्रो मान्दैन।

मानवजीवनका विभिन्न सन्दर्भमा घटित हुने घटना र उक्त घटनाले निम्त्याउने परिस्थितिजन्य विषयवस्तु सामाजिक यथार्थवादले आत्मसात् गर्दछ। यस वादले भौतिक जगत्लाई नै प्रधान मान्छ र ज्ञान यसैबाट प्रभावित हुने विश्वास गर्छ। सामाजिक यथार्थवादले मानव समाजका राम्रा र नराम्रा सबै खालका गतिविधिलाई नबिगारीकन प्रस्तुत गर्ने प्रयास गर्छ र यही मूल्यमान्यतामा अगाडि बढ्छ। कलासाहित्यका सन्दर्भमा मानव जीवनका सबै क्रियाकलापहरूलाई हुबहु उतार्ने काम यथार्थवादमा हुन्छ। यस वादमा जीवनजगत्का बिचको सम्बन्धले मान्छेका जीवनमा देखापर्ने वास्तविकतालाई अनुकृतिका रूपमा चित्रण गर्ने कामसमेत गर्छ (जोशी, २०५४, पृ. ३५)। सामाजिक यथार्थवादले मानव जीवन र समाजका विभिन्न पक्षहरूलाई आदर्शको लेप नलगाइकन जस्ताको तस्तै प्रस्तुत गर्ने काम गर्दछ। यस वादमा समाजका विविध गतिविधिलाई यथार्थपरक किसिमबाट चित्रण गर्नुका साथसाथै लेखकले वैयक्तिकता र सिर्जनात्मकताको सम्मिश्रण गरेर साहित्यिक कृतिलाई जीवन्त बनाउने प्रयास गर्छ (शर्मा र लुइटेल, २०६७, पृ. ३००)। यस वादमा समाजका विभिन्न मानवीय गतिविधिका वास्तविक चित्रणका साथसाथै मान्छेका गलत आचरण र व्यवहारबारे विरोधसमेत गरिएको हुन्छ। यस वादमा मानवका सामाजिक गतिविधि, सामाजिक जीवनका भोगाइहरू, शक्तिशाली वर्ग, जाति र लिङ्गका पात्रहरूले कमजोर वर्ग, कथित तल्लो जाति र पुरुष महिला पात्रका व्यवहारादिको यथार्थपरक प्रस्तुतिमा जोड दिन्छ। वस्तुतः सामाजिक यथार्थवादअन्तर्गत समाजका यथार्थिक पक्षको उद्घाटन गरिन्छ।

## सामाजिक यथार्थको प्रस्तुति

'साल्गीको बलात्कृत आँसु' कथामा नेपाली समाजको सामाजिक विमर्शात्मक संरचनामा निर्मित पहाडी आदिवासी जनजाति तामाङ समुदाय र घर्ती मगर समुदायका पात्रको चित्रण गरिएको छ। यस कथामा तामाङ समुदायका महिला पात्रहरू साल्गी र उसकी आमालाई उत्पीडित पात्रका रूपमा उपस्थापन गरिएको छ। ल्वाँगे घर्ती र वेश्यालयकी सरदार्नीलाई उत्पीडक एवम् दमनकारी पात्रका रूपमा चित्रण गरिएको छ। प्रस्तुत कथामा देशमा पटक पटक राजनीतिक परिवर्तन भए पनि पहाडी ग्रामीण भेगका मानिसहरू विकास र रोजगारीका अभावमा सीमान्तीकृत जीवन बाँच्न बाध्य रहेका तथ्य प्रस्तुत गरिएको छ। राज्यले परिधिका नागरिकप्रति उचित ध्यान नदिई त्यहाँको जनजीवन निकै कष्टकर बन्न पुगेको सन्दर्भलाई कथाकार पारिजातले वास्तविक चित्रण गरेकी छन्। नेपालका पहाडी ग्रामीण भेकमा डाँडाकाँडा, भीरपाखा, कान्ला हुन्छ। यस कथामा पहाडी जिल्ला सिन्धुपाल्चोकको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ, "यहाँबाट नेपाल उत्तरपट्टि पर्छ। सिन्धुपाल्चोकमा पनि यतिखेर घाम लागिसक्यो होला" (पारिजात, २०७४, पृ. ६०)। प्रस्तुत साक्ष्यमा भारतको वेश्यालयमा बेचिएकी साल्गीले त्यहाँको कोठाबाट हेर्दाखेरि उसलाई आफ्नो घरको याद आएर यस्तो अभिव्यक्ति दिएकी हो। प्रस्तुत भनाइबाट नेपालको पहाडी जिल्ला सिन्धुपाल्चोकको प्रसङ्गलाई इङ्गित गर्दछ। यस कथामा मुख्य पात्र साल्गीले आफ्नो घरपरिवार र मौलिक संस्कृतिलाई यसरी सम्झेकी छ,

> यतिखेर कान्लानेरको दुधिलोको रुखको पात घाममा टल्किरहेको होला। अब माली गाईको बाच्छी आ.......बाँ गरेर कराउँछे। आबा 'म्हाने पेमे' सिध्याएर अघि नै डाँडाको घ्याङतिर लागिसके होलान्।

> आमा रुँदै गाईलाई घाँस हाल्दै होली र भन्दै होली मन मनमा बुढेसकालको टेको त्यो साल्गी कहाँ गइहोली, मरिसकी कि बाँचेकी होली, कुन पापीले भगायो होला त्यसलाई, त्यसलाई नजर लाउने थुप्रै थिए, फर्केर आउली कि नआउली । (पारिजात, २०७४, पृ. ६०–६१)

उपर्युक्त साक्ष्यमा साल्गीले आफ्नो जन्मथलो र पारिवारिक आजीविकाको सम्झना गर्दै आफ्ना बुबा र आमाका दैनिक कर्मबारे व्याख्या गरेकी छन् । गाईलाई घाँस हाल्ने सन्दर्भले उसको पारिवारिक सन्दर्भलाई समेत सङ्केत गरको छ । यस उद्धरणले एकातिर पहाडी ग्रामीण जीवनमा गाई पाल्नुका साथै उसको आजीविकाको अवस्थासमेतलाई इङ्गित गर्दछ ।

पहाडी ग्रामीण परिवेशमा बसोबास गर्दै खेतीकिसानी गरी जीवनयापन गर्नेका जीवनशैली मौलिक खालको हुन्छ । तिनीहरू स्वउत्पादित अन्नका विभिन्न परिकार बनाएर खाने तथ्यलाई प्रस्तुत कथामा यसरी अभिव्यक्त गरिएको छ, "अब मेरी आमाले मकैको जाँडमा फिर्के लगाउँछे । लस्करी बाख्रीले कति खोजी होली मलाई, ब्याउने थिई बिचरी । सोच्दा सोच्दै उसका बासी आँखाहरूबाट तपतप आँसु चुहुन थाल्छ ।" (पारिजात, २०७४, पृ. ६१) । यस साक्ष्यमा साल्गीले आफ्नो पारिवारिक जीवन र आमाकी दिनचर्या र घरमा पालेको बाख्रीलाई सम्झेकी छ । यो सामाजिक सन्दर्भसँग सहसम्बन्धित रहको छ । प्रस्तुत साक्ष्यमा ग्रामीण जीवनको वास्तविकतालाई जस्ताको तस्तै उजागर गर्नुका साथै तिनको जीवन बाँच्ने पद्धतिसमेतलाई सङ्केत गरिएको छ । पहाडी ग्रामीण परिवेशमा बसोबास गर्ने पहाडी आदिवासी जनजाति तामाङ समुदायमा घरमै जाँड बनाउने सन्दर्भले एकातिर ग्रामीण जीवनशैली र अर्कोतिर जनजातीय मौलिक र परम्परागत जीवनशैलीको उद्‌बोधनसमेत गरेको स्पष्ट छ । यस सन्दर्भमा तामाङ समुदायको जीवनशैलीलाई प्रस्तुतीकरण गरिएको छ (पाण्डेय, २०७३, पृ. ९५) । यस सन्दर्भमा पहाडी जनजाति तामाङ समुदायको सामाजिक तथ्यको प्रकटीकरण गरिएको छ ।

'साल्गीको बलात्कृत आँसु' कथामा पहाडी ग्रामीण भेकको सामान्य र मौलिक जीवनशैलीको वास्तविक चित्रण गरिएको छ । ग्रामीण भेकमा बस्ने मानिसका जीवनशैलीको जीवन बचाइ विशिष्ट खालको हुन्छ । त्यहाँ उत्पादित अन्नका विभिन्न परिकार बनाई खाने सन्दर्भलाई कथाकार पारिजातले यसरी चित्रण गरेकी छन्, "अब मेरी आमाले मकैको जाँडमा फिर्के लगाउँछे । लस्करी बाख्रीले कति खोजी होली मलाई, ब्याउने थिई बिचरी । सोच्दा-सोच्दै उसका बासी आँखाहरूबाट तपतप आँसु चुहुन थाल्छ । पेटिकोटको घेरोले ऊ आफ्ना आँखा पुस्छे" (पारिजात, २०७४, पृ. ६१) । प्रस्तुत साक्ष्यमा भारतको वेश्यालयमा बेचिएर नारकीय जीवन बिताउन बाध्य साल्गीले आफ्नो विगतको जीवन सम्झेकी छ । उसले आफ्नो ग्रामीण भेकमा बाँचेको सन्दर्भ र मकैको जाँड बनाउने विषयवस्तुको सम्झना गरेकी छ । मकै प्रायजसो नेपालको पहाडी भेगमा बढी फल्छ र पहाडी भेगमा बसोबास गर्ने आदिवासी जनजाति तामाङ समुदायले आफूलाई खानका निम्ति घरमै मकैको जाँड बनाउने तथ्यको प्रस्तुति गरिएको छ ।

पहाडी गाउँले परिवेशमा बसोबास गर्ने विपन्न वर्गीय तामाङ समुदायको साल्गीको परिवारमा उसकी आमाले आर्थिक उपार्जनका लागि घरमा बाख्रा पालन गरेकी सन्दर्भलाई साल्गीले पूर्वदीप्ति प्रणालीका माध्यमबाट स्मरण गरेकी वास्तविकतालाई कथाकार पारिजातले चित्रण गरेकी छन् । गाउँले परिवेशमा बाख्रापालन र मकैको जाँड बनाउने सन्दर्भले नेपालको पहाडी समाजको यथार्थ पक्षलाई उद्‌घाटन गरेको छ । यस सन्दर्भमा कथाकार पारिजातको समाजप्रतिको यथार्थवादी विश्वदृष्टि अभिव्यञ्जित भएको छ (इन्फादा, २०७४, पृ. १०) । नेपालको

पहाडी ग्रामीण भेकमा बसोबास गर्ने आदिवासी जनजाति तामाङ समुदायको जीवनशैलीलाई यस कथनले तथ्य रूपमा प्रस्तुत गरेको छ ।

'साल्गीको बलात्कृत आँसु' कथामा साल्गीको बाल्यकालीन जीवनचर्यालाई कथाकारले कलात्मक तवरले प्रस्तुत गरेकी छन् । यस कथामा उसको बाल्यकालीन सन्दर्भलाई कथाकार पारिजातले यसरी प्रस्तुत गरेकी छन्,

> लस्करी बाख्री चराउन गएकी थिई ऊ, मामाघरबाट पेवा दिएको बाख्रा । दसैँताकको रमाइलो घाम लागिरहेको थियो । घाम र ज्याउँकिरीको आवाजमा दसैँको बास चल्न थालिसकेको थियो । अप्ठ्यारो डिलमा उम्रेको ऐँसेलुको फेदमा लस्करी चरिरहेकी थिई । त्यसैको अलिक पर बसेर साल्गी पोल्टोबाट मकै भटमास झिक्दै खाँदै थिई । (पृ. ६२)

प्रस्तुत साक्ष्यमा साल्गीको जीवनशैलीबारे बयान गरिएको छ । गाउँले परिवेशमा जन्मेकी साल्गी बाल्यकाल तथा किशोरावस्थामा वनपाखामा बाख्रा चराउन जाने सन्दर्भलाई यस साक्ष्यले इङ्गित गर्दछ । साल्गीको मामाले दिएको बाख्राको प्रसङ्गले पहाडी जनजाति तामाङ समुदायमा माइती पक्षकाले छोरीचेलीलाई आर्थिक समृद्धि हासिल गर्न र गर्जो टार्नका निम्ति कोसेली, पेवापातस्वरूप बाख्रा आदि दिने यथार्थलाई प्रस्ट्याएको छ । कथामा वर्णित बाख्रापालनको प्रसङ्गले उच्च पहाडी गाउँमा बसेका तामाङ समुदायको पशुपालनको संस्कृतिलाई प्रस्ट पार्दछ (पाण्डेय, २०७३, पृ. ९५) । माइती पक्षकाले विवाहित चेलीबेटीलाई घर गृहस्थी सञ्चालनमा कुनै कठिनाई उत्पन्न नहोस्, छोरीज्वाइँको दाम्पत्य जीवन पनि सुखमय तरिकाले चलोस् भन्नका लागि दाइजोपेवा दिने गरिएको सामाजिक यथार्थलाई कथाकार पारिजातले मिहिन ढङ्गबाट उठान गरेकी छन् । यसका साथसाथै दसैँको बास शब्दले सांस्कृतिक पर्व दसैँको बारेमा विश्लेषण गर्न खोजिएको छ । यस कथनमा प्रयुक्त 'डिल' शब्दले नेपालको पहाडी भेगलाई इङ्गित गरेको छ । त्यसैगरी मकै, भटमास जस्ता शब्दले पहाडी भेगमा प्रयोग गरिने खाजालाई जनाएको छ । पहाडी ग्रामीण भेकका मौलिक शब्दहरूको प्रयुक्तिले पहाडी जनजीवनको तथ्यपरक प्रस्तुतिलाई स्पष्ट चित्रण गरेको देखिन्छ ।

'साल्गीको बलात्कृत आँसु' कथामा तामाङ समुदायका मानिसहरू बुद्धलाई आफ्नो आस्था र श्रद्धाको केन्द्र मान्ने सन्दर्भबारे उल्लेख गरिएको छ । यस कथामा बौद्ध धर्मावलम्बी तामाङहरू सभक्तिभावले 'ॐ माने पम्मे हुँ' को मन्त्र फलाक्ने प्रसङ्गलाई कथाकार पारिजातले सटीक तरिकाले प्रस्तुत गरेकी छन्, "साल्गी फेरि सोचाइमा बग्न थाल्छे । ठिक यतिखेर सेलो हाल्दै जाँतोमा मकै पिँधिरहेकी हुन्छे ऊ । आबाको उही, "म्हाने पेमे" कति शान्ति दिन्छ" (पारिजात, २०७४, पृ. ६४) । यस साक्ष्यमा तामाङ समुदायमा परापूर्वदेखि प्रचलित विशिष्ट पहिचानको तामाङ सेलो लोकभाकाको बारेमा चित्रण गरिएको छ । यसका साथै बौद्ध धर्मावलम्बी तामाङ आफ्नो, अरूको र समग्र विश्वको कल्याण हेतु 'ॐ माने हुँ' को जप गर्ने सांस्कृतिक सन्दर्भलाई इङ्गित गर्दछ । सामन्तवादी अवशेष बाँकी रहेको नेपाली समाजमा शोषक, सामन्त र तिनका दलालका कारण सर्वहारा वर्गीय तथा निम्न वर्गीय नेपालीहरूले अभाव, आर्थिक पछौटेपन, बेरोजगारीजस्ता विभिन्न समस्याहरू भेल्नु परेका तीतो यथार्थलाई विवेच्य कथामा मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ ।

पहाडी ग्रामीण भेककी अबोध र सोझी अनि आर्थिक अभावमा पिल्सिएकी साल्गी पैसा कमाउने लोभमा फसेकी प्रसङ्गलाई कथाकार पारिजातले यथार्थपरक तवरले चित्रण गरेकी छन् । पहाडी भेगमा उद्योगधन्दा, कलकारखाना र रोजगारीका अवसरको अभावका कारण त्यहाँ मानिसहरू कष्टकर जीवन बाँच्न बाध्य भएकाले तिनले रकमको जोहो गर्न सहरतिर जान आकर्षिक हुने सन्दर्भलाई कथाकारले यसरी प्रस्तुत गरेकी छन्,

ल्वाँगे घर्तीले नेपालमा हिँड्, गलैँचा बुन्ने कारखानामा काम लगाइदिन्छु, थुप्रै पैसा कमाउँछेस् भनी भगाएर ल्याएको, यो कुन नर्कमा ल्याएर छोडिदियो ल्वाँगे पापीले मलाई यो होटलमा हो, एकछिन बस्दै गर म एकैछिनमा आउँछु भनी गएको ल्वाँगे एक वर्ष भइसक्यो फर्केर आएन । म तिम्रो अनुहार कहिले हेर्न पाउँला मेरी आमा । (पारिजात, २०७४, पृ. ६१)

उपर्युक्त साक्ष्यमा पहाडी ग्रामीण भेकमा गरिबी र अशिक्षा व्याप्त भएकाले त्यहाँ समाजका दलालहरूले लाटासोझा चेलीबेटीलाई ललाइफकाई अनेक रङ्गीन सपना देखाएर सहरतिर लगी बिक्री वितरण गर्ने सन्दर्भलाई मार्मिक ढङ्गबाट उठान गरिएको छ । गरिबी, अभाव, शिक्षाबाट वञ्चित भएकै कारण साल्गीले समाजको ठग एवम् दलाल ल्वाँगे घर्तीको धुर्त्याइँ बुझ्न नसकी वेश्यालयमा बेचिन पुगेकी हो । 'नेपाल हिँड' भन्ने शब्दावलीले देशको राजधानी, केन्द्रीय आकर्षण काठमाडौँलाई सङ्केत गरेको छ। काम र दामको प्रलोभनमा परी साल्गी ल्वाँगे लहैलहैमा लाग्दा ऊ बेचिन पुगेकी हो । यस सन्दर्भमा एकातिर पहाडी ग्रामीण भेगमा चरम गरिबी व्याप्त रहेको र अर्कोतिर अशिक्षासमेत विद्यमान रहेको तथ्यलाई प्रस्ट्याउँदछ ।

गरिबी र अशिक्षा दुवैले थलिएका पहाडी ग्रामीण भेकको विपन्न र निरक्षर चेली साल्गी आफ्नै गाउँटोलका चिनिएका कपटी पात्र ल्वाँगेको जालझेल अनि षड्यन्त्रमा फँसेर आफू नारकीय जीवन बिताउन बाध्य भएकी तथ्य यस साक्ष्यमा उजागर गरिएको छ । साल्गी सोझी तामाङ केटी भएकीले ल्वाँगे भन्ने दलालले उसलाई ललाईफकाई भारतका वेश्यालयका कोठीमा बेच्न सफल भएको तीतो यथार्थलाई उपर्युक्त साक्ष्यले प्रस्ट पार्दछ । यसले विदेशमा नेपाल र नेपालीको इज्जत प्रतिष्ठामा नै आँच पुऱ्याउने काम गरेको तथ्यलाई नकार्न सकिँदैन (इन्फादा, २०७४, पृ. १४) । नेपाली समाजका शोषक, सामन्त एवम् दलालहरू पैसा कमाउनका निम्ति जेजस्तो हर्कत गर्न पनि पछि नपर्ने वास्तविकतालाई कथाकारले बडो मिहिन ढङ्गबाट उधिन्ने काम गरेकी छन् ।

## लैङ्गिक उत्पीडन

'साल्गीको बलात्कृत आँसु' कथामा भारतीय वेश्यालयमा गाउँले दलालमार्फत् बेचिएपछि साल्गी यौनपिपासु पुरुषका निम्ति केवल भोग्या बन्न बाध्य भएकी तथ्यको उद्घाटन गरिएको छ । साल्गी केवल पुरुषबाट मात्र बलात्कृत नभई महिलाबाट समेत उत्पीडित, प्रताडित हुनु परेकी तथ्यको मार्मिक ढङ्गबाट प्रस्तुत गरिएको छ । कथामा वेश्यालयकी मालिक्नीले गालीगलौज गरेकी सन्दर्भलाई कथाकार पारिजातले यसरी प्रस्तुत गरेकी छन्, "कोठा बाहिर एउटी प्रौढाको कर्कस स्वर गुञ्जन थालेको छ, "लौंडियो उठो, कितनी देर तक सोते रहेते हैं यो लोग । नहाओ, धोओ, नास्ता करो, दिनभर पडे रहो..." (पारिजात, २०७४, पृ. ६१) । यस साक्ष्यमा वेश्यालयकी मालिक्नीले साल्गीलगायतका चेलीहरूलाई कर्कस स्वरमा गाली गरी तिनका आत्मसम्मान र स्वाभिमानमा ठेस पुऱ्याउने काम गरेकी छ । यहाँ शारीरिक यातना दिएको नदेखिए पनि मानसिक तहमा अभिघात गरेको प्रस्ट छ ।

उपर्युक्त सन्दर्भमा साल्गीको स्वतन्त्रता हनन भएको देखिन्छ । पराधीन साल्गी एउटी महिलाबाट नै उत्पीडित भएकी तथ्यलाई यस साक्ष्यले पुष्टि गरेको छ । वेश्यालयकी मालिक्नीले साल्गीलाई नुहाइधुवाइ आफूकहाँ यौनक्षुधा मेट्न आउने ग्राहकका लागि तयार भएर बस्न अह्राएको सन्दर्भमा साल्गीप्रतिको दुर्व्यवहार छर्लङगिएको छ । वेश्यालय पुरुषका निम्ति मोजमस्ती र शारीरिक समागम गर्ने स्थल भए पनि त्यहाँ विवशतावश यौनपेसामा लाग्ने महिलाका निम्ति त नरक नै हो जहाँ आत्मसम्मान, स्वाभिमान र स्वतन्त्रतापूर्वक बाँच्ने चाहना सबै गुमेको हुन्छ । सामाजिक यथार्थवादी कथावस्तुमा ठाउँ र व्यक्तिको सूक्ष्मातिसूक्ष्म विवरण प्रस्तुत गरिन्छ (त्रिपाठी, २०५८, पृ. ४४) । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाका निम्ति पुरुष जब्बर त छँदैछन्, उक्त संरचनामा पैसा

कमाउनका निम्ति महिलाले नै वेश्यालय सञ्चालन गरेर महिलामाथि दमन र उत्पीडन गरिरहेको देखिन्छ । यसबाट नेपाली समाजमा महिलाहरू केवल पुरुषबाट मात्र होइन महिलाबाट पनि त्यति नै शोषित, पीडित रहेका सन्दर्भलाई उपर्युक्त साक्ष्यले पुष्टि गर्दछ ।

## यौनशोषण

गाउँकै दलाल ल्वाँगे घर्तीको ललाईफकाईमा परी भारतको वेश्यालयमा बेचिन पुगेकी साल्गीले त्यहाँ शारीरिक र मानसिक यातना पाउनुका साथै त्यहाँ साल्गीको यौनशोषण भएको स्पष्ट छ । वेश्यालय जहाँ देहव्यापार सञ्चालन गरिन्छ । वेश्यालयमा बेचिएका बिभिन्न चेलीबेटीहरूलाई बन्धक बनाई जबर्जस्ती घृणित र अपमानजन्य यौनकर्ममा धकेलिन्छ । प्रस्तुत कथामा वेश्यालयमा साल्गीको कुण्ठित जीवन बितिरहेको सन्दर्भलाई यसरी व्यक्त गरिएको छ,

> साल्गी जस्तैहरूको कौमार्यको रगतले सिँगारिएका कोठाहरूमा घोर विसङ्गत क्षणहरू हाई काढ्दै बाँच्दा हुन् । ती पवित्र आत्माहरू सिफिलिस, तिरस्कार, मूल्यहीन मृत्यु र बेवारिस लास भएर जीवनको टुङ्गो लगाउनपर्ने । सरदार्नी र दलालहरू सधैँ भनिरहँदा हुन्, “आखिर क्या फरक है तुम लोगों का जीवन बाहर और भितर ?” (पारिजात, २०७४, पृ. ६३) ।

यस साक्ष्यमा वेश्यालयमा बन्धक जीवन बिताइरहेका, जबर्जस्ती यौनपेसामा धकेलिएका अबोध किशोरी तथा युवतीका साह्रै दयनीय अवस्थाको यथार्थ चित्रण गरिएको छ । दलाल पुँजीवादी समाजव्यवस्थामा अभिजातवर्गका र दलाल व्यक्तिहरूले आफ्ना आर्थिक लाभका निम्ति गाउँठाउँका लाटासोझा चेटीबेटीलाई फँसाएर तिनका कौमार्यको सौदावाजी गरेर तिनलाई शरीरलाई पण्यीकरण गरेको देखिन्छ । यस सन्दर्भमा साल्गीजस्ता बेचिएका चेलीबेटीलाई तिनका इच्छाविपरीत यौनग्राहकसँग शारीरिक सम्पर्क राख्न बाध्य बनाइने तथ्यको रहस्योद्घाटन गरिएको छ ।

कथाकार पारिजातले यस सन्दर्भमा वेश्यालयमा नारकीय जीवन बिताउने चेलीबेटीका वास्तविक जीवनभोगाइलाई मर्मस्पर्शी तरिकाले उधिन्ने काम गरेकी छन् । वेश्यावृत्ति चलाएर बस्ने पुँजीवादी व्यवस्थाकै उपजको समाज भएको तथ्यलाई नकार्न भने सकिँदैन । वेश्यालयमा थुनिएका किशोरी तथा युवतीहरू त्यहाँ यौनतुष्टिका लागि आउने पुरुष ग्राहकलाई केही पनि नसोधीकन यौनप्यास मेट्नु पर्ने जसका कारण किशोरी तथा युवतीहरू विभिन्न खालका सङ्क्रामक रोगका सिकार हुने सत्यको उजागर गरिएको छ । समाजमा अपमानित र अपहेलित ठानिने र मानिने देहव्यापारमा लागेका किशोरी तथा युवतीहरू वेश्यालय वा बाहिर जहाँ बसे पनि पितृसत्तात्मक समाजमा शिर उँचो गरेर आत्मसम्मान र स्वाभिमानका साथ बाँच्न साह्रै गाह्रो हुने यथार्थको प्रकटीकरण भएको छ । सामन्तवादी दलाली सामाजिक संरचनामा पैसाकै बोलबाला हुने र त्यस्तो घृणित र अनैतिक, गैरकानुनी तथा असामाजिक पेसा व्यवसाय चलाउने सरदार्नीतुल्य ठेकेदारहरू समाजमा उच्च सम्मान प्राप्त गरेका हुन्छन् तर यौनकर्ममा बलात् धकेलिएका छोरीचेलीचाहिँ आजीवन घृणा, अपमान, हेला, तिरस्कार भावले कुण्ठित भएर बाँच्नुपर्ने हुन्छ । सोही सन्दर्भलाई लक्षित गर्दै कथाकारले सरदार्नीका मुखबाट यौनपेसामा लागेका महिलाहरू वेश्यालयभित्र वा बाहिर जहाँ बसे पनि तिनलाई समाजले हेर्ने समाजमनोविज्ञानलाई छर्लङ्ग पारेकी छन् । यौनकर्ममा अनिच्छित तवरले धकेलिएकी महिला बेश्या कहलाउँछे तर सोही कर्ममा संलग्न पुरुष भने फुँडो नभई चोखो ठहरिन्छ ।

वेश्यालयमा यौनव्यापार चलाउनु आफैमा असामाजिक र गैरकानुनी गतिविधि हो । त्यहाँ यौनचाहना तृप्तिका लागि विभिन्न पुरुष ग्राहकहरू आउनेजाने गर्दछन् र तिनले रकम तिरेर वेश्याका शरीरसँग मनपरी खेल्छन् । आफ्ना वासनाको परितृप्ति गर्छन् । त्यहाँ आउने पुरुष ग्राहकहरू महिलाका इच्छा, स्वास्थ्य, चाहना आदिको कुनै ख्याल नगरी आफूखुसी शरीरसँग खेल्छन् । यही सन्दर्भलाई इङ्गित गर्दै कथाकार पारिजात व्यक्त गर्छिन्, "साल्गीलाई उठ्ने, नुहाउने, खाने केही गर्ने पनि जाँगर चल्दैन । त्यसै पनि जीवनप्रतिको जिज्ञासा नाउँको भावना वेश्यालयभित्र हुँदैन । जतिसुकै नुहाए पनि, धोए पनि यहाँको फोहोरी वातावरण फेरिने होइन क्यार, मनको पवित्रता कसले देखोस् । दिनभरि आलस्यलाई यता फर्काऊ उता फर्काऊ, अर्को कुनै इलम त छैन" (पारिजात, २०७४, पृ. ६३) । यस साक्ष्यले यौनपेसामा धकेलिएकी साल्गी कैयौं पुरुष ग्राहकका यौनतुष्टिका लागि शारीरिक सम्पर्क राख्दा ऊ शारीरिक रूपले थिलथिलो भएकीले उसको शरीरमा आलस्य बढेको पुष्टि हुन्छ । बाहिर शरीर जतिसुकै नुहाइधुवाइ गरे पनि त्यहाँका मानिसका पाखण्डीपनका कारण फोहोर वातावरण व्याप्त रहेको तथ्य उजागर गरिएको छ । यौनपेसामा जबर्जस्ती धकेलिएकी साल्गी आफू आत्मिक रूपले चोखी भएकी विषयवस्तुको प्रस्ट पारिएको छ । यस साक्ष्यमा साल्गी कपटपूर्ण तरिकाले भारतीय वेश्यालयमा पुऱ्याइँदा उसका व्यक्तिगत स्वतन्त्रता, जीवनेच्छा र इच्छाआकाङ्क्षा जति सबै कुण्ठित भएका यथार्थको अभिव्यक्ति छ ।

## निष्कर्ष

'साल्गीको बलात्कृत आँसु' कथामा पहाडी जिल्ला सिन्धुपाल्चोकको ग्रामीण भेगमा बस्ने विपन्नवर्गीय आदिवासी जनजाति तामाङ समुदायको आर्थिक पछौटेपन, पशुपालन र सामान्य जीवनशैलीको प्रस्तुतीकरण छ । यस कथामा साल्गीका परिवारको चरम गरिबी, अभाव र अभावकै कारण साल्गी गाउँका दलाल ल्वाँगे घर्तीको प्रलोभनमा परेर भारतीय वेश्यालयमा बेचिन पुगेकी सामाजिक यथार्थको मार्मिक प्रस्तुति छ । प्रस्तुत कथामा सामन्तवादी समाजव्यवस्थामा धनी व्यक्ति र तिनका दलालहरूले आर्थिक लाभका निम्ति गरिब वर्गका अपठित छोरीचेलीलाई विभिन्न प्रलोभन देखाएर ललाइफकाइ यौनव्यवसाय सञ्चालन गरिने वेश्यालयमा बिक्री वितरण गर्ने वास्तविकताको उद्घाटन गरिएको छ । विवेच्य कथामा दलाल ल्वाँगेको छलकपट, धूर्त्याइँ र अमानवीय गतिविधिको मर्मस्पर्शी तवरले उद्घाटन गरिएको छ । यस कथामा भारतीय वेश्यालयमा बेचिएकी साल्गीको जीवन कैदीतुल्य भएको तीतो यथार्थको चित्रण गरिएको छ । भारतमा वेश्यालय सञ्चालन गरेर बसेकी सरदार्नीका अमानवीय र अनैतिक तथा समाज अग्राह्य क्रियाकलापको पर्दाफास गरिएको छ । महिला भएर पनि महिलाकै अस्मिताको ख्याल नगर्ने सरदार्नीको कुकृत्यको यथार्थपरक किसिमबाट छर्लङ्ग पारिएको छ ।

प्रस्तुत कथामा वेश्यालयमा बेचिएका अबोध किशोरी तथा युवतीहरू अनिच्छित भए पनि त्यहाँ आउने पुरुष ग्राहकका यौनतुष्टिका लागि आफूहरू हरघडी तयार रहनुपर्ने सन्दर्भको वस्तुपरक चित्रण गरिएको छ । वेश्यालयमा बेचिएका किशोरी तथा युवतीका आफ्ना इच्छा आकाङ्क्षा जति सबै तिलाञ्जली दिएर कुण्ठित र पराधीन जीवन बाँच्नुपर्ने तथ्यको प्रकटीकरण भएको छ । यस कथामा वेश्यालयकी सरदार्नीले किशोरीहरूलाई दिने शारीरिक तथा मानसिक प्रताडनाका साथसाथै लैङ्गिक शोषण र उत्पीडनको जीवन्त प्रस्तुति छ । प्रस्तुत कथाका माध्यमबाट कथाकार पारिजातले पहाडी ग्रामीण भेगमा बसोबास गर्ने विपन्न वर्गीय मानिसका जिन्दगी एकदम कहालीलाग्दो रहेको तथ्यको सार्वजनिकीकरण गरेकी छन् । विश्लेष्य कथामा नेपाली समाजको यथार्थ चित्रण गरिनुका साथसाथै गरिब वर्गका समस्या र धनी वर्गका मोजमस्ती एवम् किशोरी र महिलाहरूका लैङ्गिक उत्पीडन र यौन शोषणजस्ता समाजका विकृत पक्षको उजागर गरिएको छ । यस कथामा लैङ्गिक विद्वेषी व्यवहार त छँदैछ । यसका साथसाथै साल्गी महिला पात्र सरदार्नीबाट पनि पीडित प्रताडित भएकी देखाइएको छ ।

लैङ्गिक विमर्शका दृष्टिकोणबाट हेर्दा महिला पात्रका पुरुष र पितृसत्तात्मक मनोविज्ञानमा हुर्किएका महिलाबाट पनि शोषित, पीडित एवम् प्रताडित रहेको वस्तुसत्यको पर्दाफास गर्न कथाकार पारिजात यस कथामा सफल देखिन्छिन् । पहाडी ग्रामीण भेगमा बसोबास गर्ने विपन्न वर्गीय जनजाति तामाङ समुदायको सामाजिक यथार्थलाई यस कथामा जीवन्त प्रस्तुत गरिएको छ ।

## सन्दर्भ-सामग्री


इन्फादा, पूर्ण (२०७४). *पारिजातका प्रतिनिधि कथाहरू.* पूर्ण इन्फादा (सम्पा.). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०५४). यथार्थवाद, *पाश्चात्य साहित्यका प्रमुख वाद.* तेस्रो संस्क. काठमाडौँ : साझा प्रकाशन (पृ. ३४–४९) ।

त्रिपाठी, वासुदेव (२०५८). यथार्थवाद र प्रकृतवाद, *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २.* पुनर्मुद्रण, पुलचोक : साझा प्रकाशन (पृ. ४२–५९) ।

पाण्डेय, ताराकान्त (२०७३). साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन, *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन (पृ. ९२–१०४) ।

पारिजात (२०७४). साल्गीको बलात्कृत आँसु, *पारिजातका प्रतिनिधि कथाहरू.* पूर्ण इन्फादा (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान (पृ. ६०–६४) ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौँ ।

Realism Retrieved from pdf.

Taghizadeh, Ali (2014). A *Theory of Literary Realism* vol.4, No.8 PP. 1628-1635. PDF.